पोखराको लेकसाइडमा चाईनिज भाषाको कक्षा

पोखराको लेकसाइडमा चाईनिज भाषाको कक्षा सञ्चालन भइरहेको छ। १० वर्षको अनुभव प्राप्त चाईनिज शिक्षकद्वारा चाईनिज भाषाको कक्षा सञ्चालन भइरहेको हुदाँ ईच्छुक व्यक्तिहरुले तुरुन्त सम्पर्क राख्नुहोला ।

नोट : विशेष ट्रेकिङ्ग गाईड, अफिस म्यानेजर, प्रोजेक्टमा काम गर्ने, पर्यटन व्यवसायीहरुमा काम गर्नेहरुका साथै हङकङ,बेजिङ्ग, मकाउ अध्ययन गर्न जानका लागि अति उत्तम।

सम्पर्क: BEAUTIFUL POKHARA ADV.P.LTD.
CHINESE CULTURE CENTER, LAKESIDE-6, POKHARA
Ph:- 061-464060, 9846038382

राष्ट्रिय दैनिक

गोल्डेन न्यूज

Golden News National Daily

○वर्ष ८ ○अंक २२ ○श्रेणी 'क' ○२०७२ असोज २२ गते शुक्रबार ○ 9 Oct. 2015 ○पृष्ठ ४ ○मूल्य रू. ५/-

खुशीको खबर !!!

योग निद्रा सिकेर आफूलाईँ रोगमुक्त राख्नुहोस् ।
नेपाल र पोखरामा पहिलो पटक ।
शरीर मन र आत्माको जुनसुकै रोग निवारण हुन्छ ।
शुल्क मात्र रु.१०००।– मात्र आफै आफूलाई रोगमुक्त गराउने एकमात्र ।
सिक्नुहोस्, सिक्नुहोस्, सिक्नुहोस्...र रोगमुक्त हुनुहोस् ।

मोवाइल : ९८१६१०२२१६

पोखरामा मट्टितेलको पनि हाहाकार

सञ्चारकर्मी र संचारमाध्यमलाई इन्धन सहज उपलब्ध गराउन माग

गोल्डेन न्यूज संवाददाता
पोखरा २१ असोज ।

भारतले नाकाबन्दी गरेपछि पेट्रोल र डिजेलपछि पोखरामा मट्टितेलको हाहाकार भएको छ। सर्वसाधारणले ग्याँस सकिएपछि मट्टितेल र दाउराको विकल्प खोजेका छन् । बजारमा दाउरा र भुसको चुलो समेत अभाव भएपछि मट्टितेलको साहारा लिन थालेका हुन् । तर डिपोमा मट्टितेल समेत नभएपछि चुलोमा कसरी खाना पकाउँने सर्वसाधारणलाई चिन्ता परेको छ । रक्सौल नाकाबाट भित्रने मट्टितेल नाकाबन्द भएपछि १ महिनाबाट भित्रिएको छैन । गत असोज ३ गतेदेखि पोखरामा मट्टितेलको डिपो रित्तिएको शान्ति प्रोभिजन स्टोर्स मट्टितेल डिपोका संचालक नारायण सुवेदीले बताए । उनले भने, कास्कीको गगनगौंडा डिपो भने मट्टितेल स्टोर गरि राखिएको शंका छ ।

नाकाबन्दीको फाईदा उठाई मट्टितेलमा समेत कालोबजारी हुन थालेको आशंका छ । नेपाल आयल नियम, कास्की गगनगौंडाका प्रमुख मनोज ठाकुरले मट्टितेलको प्रयोग होटेलमा जेरी बनाउँने, बाटो पिच गर्ने बेलामा प्रयोग हुने गरेको बताएका पनि हाल आएर ग्याँस आपूर्ति ठप्प भएपछि खाना पकाउँन लागि मट्टितेल प्रयोगकर्ता बढेको उनले बताएका छन् । उनले भने, मट्टितेल महिनामा ६० हजार लिटर खपत हुन्थ्यो तर अहिले यसको माग बढेको छ । हाल डिपोमा १२ हजार लिटर मट्टितेल स्टक छ । कुनै विकल्प नभएपछि अभाव बेला आवश्यकता पर्ने भएकोले स्टक राखिएको नेपाल आयल निगमका प्रमुख ठाकुरले बताए । पोखरा कै अर्को डिपो पराजुली आयल स्टोर्स सिम्पानीका संचालक राजेन्द्र तिमिल्सिनाले पोखरामा मट्टितेल सकिएको बताएका छन् । उनले भने पोखरामा अहिले १ लाख लिटर मट्टितेलको आवश्यकता छ । मट्टितेल स्टोर गरिएको छ भन्ने शंका छ भन्ने प्रश्न तिमिल्सेना भने, यसमा शंका नगर्दा हुन्छ । उनले डिजेल, पेट्रोल आएपछि मट्टितेल सँगसगै भित्रने बताए । पोखराका डिपोमा दैनिक २०० भन्दा बढी सर्वसाधारण मट्टितेल किन्न आउँने गरेको मट्टितेल डिपो संचालकहरुको भनाइ छ ।

यसैबीच कास्कीमा क्रियाशिल पत्रकारसँग सम्वन्धित विभिन्न संघ संस्थाको बिहीबार भएको संयुक्त बैठकले सञ्चार माध्यम र सञ्चारकर्मीलाई सहज रुपमा इन्धन उपलब्ध गराउन सरकारसँग माग गरेको छ । दिनरात नभनि जनतालाई सुसूचित गराउन खटिरहने सञ्चारकर्मी र सञ्चार माध्यमलाइ अत्यावश्यक सेवाकै रुपमा लिएर राज्यले इन्धन उपलब्ध गराउन बैठकले माग गरेको हो । प्रेस चौतारी कास्कीका अध्यक्ष माधव बरालको पहलमा भएको संयुक्त बैठकले सञ्चार माध्यमलाई निर्वाध संचालन हुने वातारण बनाउने दायित्व राज्यको हुदाँहुँदै गर्न नसक्नु सरकारको कमजोरी भएको ठहर गरेको छ । भारतले गरेको अघोषित नाकाबन्दीका कारण इन्धन अभावमा सञ्चार माध्यमहरु बन्द हुने अवस्थामा पुग्दा पनि सरकारले कुनै बैकल्पिक उपाय खोज्न नसक्ने लाचारीपनको बैठकले खेद व्यक्त गरेको छ । यही अवस्था केही दिन रहेमा कास्कीमा संचार माध्यम बन्द भएर जनताको सुचनाको हक समेत कुण्ठित हुने हुनाले ठोस कदम चाल्न बैठकले सरकारको ध्यानाकर्षण गराएको छ ।

देशको विषम परिस्थितिलाई ध्यानमा राखेर इन्धन प्रयोगमा मितव्ययीता अपनाउन र पेट्रोलियम पदार्थ प्रयोगको विकल्प खोज्न संचारकर्मी तथा आम जनसमुदाय लाई बैठकले आग्रह गरेको छ।देश नै अहिले इन्धन अभावमा गुज्रिरहेकाले नाकाबन्दीलाई कुटनीतिक तवरबाट खुलाउनेतर्फ सरकारले उचित कदम चालेर जनताको दैनिकीलाई सहज बनाउन आग्रह गरिएको छ । इन्धन अभावपछि कास्कीका संचार माध्यममा देखिएको समस्यालाई हल गर्न पत्रकार महासंघ कास्कीको सक्रियतामा स्थानीय प्रशासनसँग छलफल गर्ने निर्णय बैठकले गरेको छ । बैठकमा पत्रकार महासंघ कास्कीका अध्यक्ष रामकृष्ण ज्ञवाली, निवर्तमान अध्यक्ष बद्रीविनोद प्रतिक, क्रान्तिकारी पत्रकार संगठन कास्कीका अध्यक्ष माधव पनेरु, सल्लाहाकार शिवराज बस्ताकोटी, प्रेस युनियन कास्कीका सचिव प्रकाशचन्द्र सापकोटा, प्रेस चौतारी कास्कीका सचिव अर्जुन गिरी, कोषाध्यक्ष राजाराम पौडेल, सदस्य भगवान गिरी, क्रान्तिकारी पत्रकार संघका सन्देश श्रेष्ठ, स्वतन्त्र पत्रकार संघ कास्कीका सचिव कृष्ण रानाभाट, नेपाल पत्रकार महासंघका पार्षद केशव शरण लामिछानेको उपस्थिति रहेको थियो ।

कालोबजारी रोक्न माग

यसैबीच इन्धन र ग्यासमा कालोबजारी भएको भन्दै पर्यटन व्यवसायीले प्रशासन समक्ष गुनासो पोखेका छन् । स्थानीय प्रशासनले इन्धन वितरणको जिम्मा दिएका केहि पेट्रोल पम्पले कालोबजारी गर्दै रातारात इन्धन बिक्री वितरण गरेको व्यवसायीको गुनासो छ । पोखरा पर्यटन पूनःजागरण समिति (पिटिआरसी) का संयोजक गणेश बहादुर भट्टराइको संयोजकत्वमा पर्यटन व्यवसायी कास्कीका प्रमुख जिल्ला अधिकारी कृष्णबहादुर राउतलाइ भेट्न बिहीबार प्रशासन पुगेका थिए । प्रजिअ राउत समक्ष पर्यटन व्यवसायीले केहि व्यवसायी र पेट्रोलपम्पले कालोबजारी गरेर इन्धन र ग्यास बेचेको गुनासो पोखेका थिए । मध्यरात पारेर सरकारी पेट्रोलपम्पले कालोबजारी गर्दै इन्धन बेचेर कालोबजारी गरेको व्यवसायीले आरोप लगाएका थिए । १४ सय पर्ने ग्यास सिलिन्डरलाई ६ हजार, एक लिटर पेट्रोललाइ ३ सय र एक लिटर डिजललाई २ सय रुपैयाँमा बेचेको पाएको प्रजिअ समक्ष संयोजक भट्टराइले जानकारी दिएका थिए । 'हामीले प्रजिअलाई कालोबजारी

बाँकी अन्तिम पृष्ठमा......

सरकार गठनमा सघाउन एमालेको आग्रह

काठमाडौं २१ असोज ।

नेकपा (एमाले)ले आफ्ना अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वमा नयाँ सरकार गठनमा सहयोग गर्न बिहीबार प्रधानमन्त्री तथा नेपाली काँग्रेसका सभापति सुशिल कोइरालालाई औपचारिक आग्रह गरेको छ । एमालेका अध्यक्ष ओलीसहितको उच्चस्तरीय टोलीले प्रधानमन्त्री निवास बालुवाटारमा भेटी कोइरालालाई सो आग्रहसहितको पत्र बुझाएको हो । एमालेले अध्यक्ष ओलीको नेतृत्वमा सरकार गठन गर्ने निर्णय स्थायी कमिटीको बैठकले गरेको थियो । भेटपछि अध्यक्ष ओलीले विगतमा संविधान निर्माण गर्न प्रमुख दलमा गरिएको एकता, सहकार्य र सद्भावनाको मूल्याङ्कन गर्दै भावी दिनमा पनि यसलाई निरन्तरता दिन आग्रह गरिएको बताए । उनले जवाफमा प्रधानमन्त्री कोइरालाले आफूले भद्र सहमतिअनुसार सहयोग गर्छु भन्दै आएको तर पार्टीको केन्द्रीय कार्यसमितिको बैठकले निर्णय गरेपछि आधिकारिक जवाफ दिने बताएका थिए । अध्यक्ष ओलीले भूकम्पपछिको पुनः निर्माण, नयाँ संविधान कार्यान्वयनका लागि सहमतिका आधारमा विभिन्न कानुनको निर्माण र कार्यान्वयनका लागि प्रमुख दलसँगै हुनुपर्नेमा आफूले जोड दिएको बताए ।

पत्रकारसँग कुरा गर्दै प्रधानमन्त्री कोइरालाले आफू सहमतिको सरकार गठनका लागि सकारात्मक रहेको र विगतको सहमतिलाई पनि ध्यानमा राखेको तर पार्टीले समर्थन गर्ने नगर्ने भन्नेबारेमा केन्द्रीय कमिटीको जारी बैठकले संस्थागत निर्णय गरेपछि स्पष्ट हुने बताए ।

भेटमा अध्यक्ष ओलीका साथ एमालेका वरिष्ठ नेता झलनाथ खनाल, माधवकुमार नेपाल, उपाध्यक्ष विद्यादेवी भण्डारी, सचिव प्रदीप ज्ञवालीसहितका नेता सहभागी भए । राष्ट्रपति डा रामवरण यादवले सहमतिका आधारमा नयाँ प्रधानमन्त्री चयनका लागि सात दिनका लागि दिएको समयको बिहीबार अन्तिम दिन एमालेले आफ्नो नेतृत्वको सरकार गठनका लागि सक्रियता देखाएको हो भने अन्य दल पनि आन्तरिक छलफलमा जुटेका थिए ।

यसैगरी नेकपा (एमाले)ले नयाँ सरकारको नेतृत्वका लागि आफ्नो पार्टीलाई सहयोग गर्न राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाललाई बिहीबार आग्रह गरेको छ । एमालेका अध्यक्ष केपी शर्मा ओलीसहितको टोलीले राप्रपा नेपाल केन्द्रीय कार्यालय धूमबाराहीमा पुगेर सो पार्टीका अध्यक्ष कमल थापा र अन्य पदाधिकारीसँग भेट गरी सहयोगका लागि आग्रह गरेको हो ।

एमालेको प्रस्तावमा अध्यक्ष थापाले आफ्नो पार्टी सकारात्मक रहेको र नयाँ सरकारको नेतृत्वका लागि अध्यक्ष ओलीलाई शुभकामना दिँदै केन्द्रीय कार्यसमितिको बैठकले चाँडो निर्णय लिने प्रतिबद्धता व्यक्त गर्नुभएको केन्द्रीय सदस्य राजाराम बर्तौलाले बताए । उक्त भेटमा एमालेका तर्फबाट अध्यक्ष ओली, वरिष्ठ नेताहरू झलनाथ खनाल, माधवकुमार नेपाल, उपाध्यक्ष विद्यादेवी भण्डारी र सचिव प्रदीप ज्ञवाली सहभागी थिए ।

राप्रपा नेपालका अध्यक्षसहितका पदाधिकारी सो भेटमा सहभागी थिए । राप्रपाका तर्फबाट अध्यक्ष थापा, उपाध्यक्ष टङ्क ढकाल, धवलशम्शेर राणा थिए ।

यसैबीच पार्टीको केन्द्रीय कार्यसमितिको पूर्ण बैठक शुक्रबार बस्ने भएको छ । बिहान ९ बजे बस्ने सो बैठकले अब बन्ने नयाँ सरकारमा पार्टी सहभागी हुने वा नहुनेबारेमा सैद्धान्तिक टुङ्गो लगाउने, मुलुकको पछिल्लो राजनीतिक गतिविधि तथा समसामयिक विषयमा छलफल गर्नेछ । संविधान जारी भएपछि अब पार्टीले अपनाउनुपर्ने रणनीति तथा नाकाबन्दीले जनजीवनमा पारेको प्रभावका बारेमा मूल्याङ्कन तथा छलफल गरिने पार्टीका सहायक महामन्त्री राजाराम श्रेष्ठले जानकारी दिए । रासस

वविन टेलरिङ एण्ड सर्टिङ-सुटिङ

विगत १७ वर्षदेखि म्याग्दी जिल्लाको बेनीबजारमा संचालित बबिन टेलरिङ एण्ड सर्टिङ–सुटिङको शाखा पोखराको न्यूरोडस्थित भाटभटेनी सुपर मार्केटको आडमा पनि । विभिन्न ब्राण्ड र आकर्षक डिजाइनमा सुपथ मूल्यमा सर्टिङ–सुटिङका लागि एकपटक पुग्नैपर्ने ठाउँ ।

BABIN TAILORING & Shirting Suiting
HeadOffice: Hulak Chowk, Myagdi, Beni, Tel.: 069-520760
Branch: Newroad, Pokhara, Tel.: 061-527420
Email: babiinbagdash@yahoo.com,
Web: www.babintailors.com

डुङ्गाचालक मृत भेटिए

पोखरा २१ असोज ।(गोल्डेन)

बिहीबार बिहान पोखराको फेवातालमा डुङ्गाबाट खसेर बेपत्ता बनेका डुङ्गा चालक मृत भेटिएका छन् । तालबाराही मन्दिरबाट पर्यटकहरुलाई लिएर फर्किँदै गर्दा दिउँसो साढे साढे १२ बजे डुंगा चालक निशान मगर तालमा खसेर डुबेका थिए । डुबेको दुई घण्टा पछि सशस्त्र प्रहरीको टोलीले उनको शवलाई तालबाट निकालेको थियो । उद्धारका लागि परिचालित सशस्त्र प्रहरीका गोताखोरको टोलीले फेलापारेको थियो । तालबाराही मन्दिरको दर्शन गरेर फर्किँदै गर्दा उनी तालमा खसेका थिए । ढुङ्गामा सवार पर्यटकहरु भने सकुशल छन् । उनको शवलाई पोष्टमार्टम का लागि पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा छ ।

अल्ट्रालाइट बेपत्ता

यसैबीच पोखरा विमानस्थल बाट बिहीबार बिहान उडान भरेको एउटा अल्ट्रालाइट विमानसम्पर्क विहीन भएको छ । पोखरा विमानस्थलबाट १०:३५ मा उडान भरेको अल्ट्रालाइट केहि समय पछि बेपत्ता भएको हो । अल्ट्रालाइटमा रसियन पाइलट भ्यालेरी र विदेशी पर्यटक दक्षिण अफ्रिकाका एलिजा बेथ बेल रहेका थिए । जहाजको खोजिका लागि एउटा हेलिकोप्टर र अल्ट्रालाइट विमान परिचालन गरिएको पोखरा विमानस्थलका प्रमुख दिपक बरालले जानकारी दिए ।

गोल्डेन न्यूज राष्ट्रिय दैनिक अब अनलाइन मा पढ्न र सुनौलो एफ.एम. १०२.२ मेगाहर्ज सुन्न
Log on :
www.goldennews.com.np

THE FIRST HOTEL MANAGEMENT COLLEGE OF THE COUNTRY

Admission Open for

BHM
Bachelor in Hotel Management

BBA
Bachelor in Business Administration

BBA-BI
Bachelor in Business Administration (Banking & Insurance)

We, oldest college with experienced full time faculties in Pokhara, are here providing quality education.

Entrance Test:
2072 Ashwin 23
Saturday 11:00am

Nepal Tourism and Hotel Management College
Chhinedanda, Pokhara-18, Nepal
Tel: +977-61-431678, 432333, Fax: +977-61-432222

Business Management Center
Gairapatan, Pokhara-4, Tel. : +977-61-526458, 527903
E-mail: info@iefnthmc.edu.np, Website: www.iefnthmc.edu.np

अमेरिका जाने सुनौलो अवसर

EDV 2017

Photo Editing को सम्पूर्ण कार्य E-spot Nepal को Head Office Kathmandu बाट गरिने छ।

यो वर्ष गण्डकीका नेपालीहरुलाई EDV 2017 पर्ने बढि सम्भावना

किनभने १८ वर्षको अनुभव भएको हजारौं नेपालीहरुलाई Green Card दिलाउन सफल भएको

नेपालको सबै भन्दा बढि EDV पर्ने ठाउँ

E-Spot Nepal

जहाँबाट तपाईको भाग्य खुल्छ

को शाखा कार्यालय

पोखरा
सिद्धार्थ चोक, चिप्लेढुङ्गा
U.F.O. सँगै ☎ 5 39 883

मा खुलेको सहर्ष जानकारी गराउन चाहन्छौं । माथि उल्लेखीत ठाउँ बाहेक गण्डकीमा हाम्रो अरू कुनै पनि शाखा नभएको जानकारी गराउन चाहन्छौं।

EDV नभरे त पर्दे पर्दैन भरे अवश्य पर्न सक्छ

■ कमाएर दाम जो भन्छ आफ्नै खाल्डो ऊ खन्छ ।

- बालकृष्ण सम

गजल

योगेन धोली

सुटुक्क आई दैवले उस्लाई रहरेछ भन्दिनु
धागोले बाँधी थमाई चिट्ठी मरेछ भन्दिनु ॥

कोपिलै थियो चलेछ आँधी फक्रीनै नपाई
सुबास बिना धर्तिमा त्यसै झरेछ भन्दिनु ॥

भाबिले खेदीर दिएन बस्न र धर्तिमा रमाई
बिदाई माग्दै रस्वर्गमा बास रसरेछ भन्दिनु॥

सबैको सामु अन्तिम सास फेरेर उसले
बैतर्नी साथै लागेर गङ्गा तरेछ भन्दिनु ॥

लगेन केही लाएन केही सर्बस्व त्यागेर
खरानी हुन रचितामा रित्तै र परेछ भन्दिनु ॥

शैलेन्द्र थापा

दोषी चस्मा लाएकाले, बन्धक भो मेरो देश
अन्तै मन धाएकाले, बन्धक भो मेरो देश !!

ताण्डव ति नाच्ने यहाँ, धारण प्रभु आज्ञाको
कशम जो खाएकाले, बन्धक भो मेरो देश !!

मिठा मिठा बात गर्ने, खल्तिभित्र छुरा बोकी
छिमेकी जो पाएकाले, बन्धक भो मेरो देश !!

कपटि छ चाला तिन्को, मुढ बुद्धि सत्तामाथी
सर्व कालिन् छाएकाले, बन्धक भो मेरो देश !!

गल्ति सधै गरे जस्ले, आखाँ चिम्लि समर्थन
नाम्का गीत गाएकाले, बन्धक भो मेरो देश !!

रविन जिसी

झत्केको छु ईट जोडी उठाई देउ बिन्ती
पथ्थर पर्यो बिचैमा फुटाई देउ बिन्ती

तराई हो जग अनि पहाड धरोहर
हल्लायर ढाल्नेबाट छुटाई देउ बिन्ती

भाईभाईको तमाशामा सत्रु हासेकाछन्
अत्तो फुकाई एकैसाथमा जुटाई देउ बिन्ती

मेरो जन्मसंगै मैले नेपाल नाम पाएँ
उस्को आधिन होइन त्यो टुटाई देउ बिन्ती

साभार : सम्बन्धित व्यक्तिको फेसबुकबाट

साहित्य/सिर्जना

समाज परिवर्तनका अगुवा पं. मुक्तिनाथ

डा. गेहेन्द्रमान उदास 'पोखरेली'

अहिलेको पोखरा उपमहानगर पालिका वडा नं. १६ बाटुलेचौरमा १९७१ सालमा जन्मेर २०४६ सालमा ७५ वर्षको उमेरमा ब्रह्मलीन भएका पण्डित मुक्तिनाथ तिमिल्सिना शर्मा समाजमा भएको रूढीवादी, आडम्बरी र अन्धविश्वासी परम्परालाई उन्मूलन गरी समाजलाई मानवताको बाटोमा ल्याउने उद्देश्यमा लागेका, आफ्नो समयका अथक अगुवा थिए । आफै यथास्थितिवादी ब्राह्मण कुलमा जन्मेको भए पनि २००१ सालमा ब्राह्मणले हलो जोत्न हुँदैन भन्ने परम्परागत बाहुनवादी संस्कारको विरूद्ध, आफ्नै बारीमा हलो जोतेर नेपालमा सर्वप्रथम समाज परिवर्तनको विगुल फुकेका थिए उनले । त्यस बेलाको पण्डित पुरोहित समाजद्वारा उनको ठूलो विरोध भएको थियो । यस्तै क्रान्तिकारी उनको अर्को कदम उनको 'को अछुत ?' पुस्तक हो । आन्तरिक राष्ट्रिय अखण्डतालाई विखण्डन गर्ने वर्णव्यवस्था (ठूलो जात र सानो जात) को संस्कार-संस्कृतिको विरूद्ध अखण्ड राष्ट्रियताका भविष्य द्रष्टा भएर पं. मुक्तिनाथले २००९ सालमा लेखेको उक्त पुस्तक २०११ सालमा इन्द्रमान र चन्द्रमान शेरचनद्वारा प्रकाशित गरिएको थियो । यस पुस्तकमा जातभात-उचनीच, छुवाछूत जस्ता सामाजिक विकृतिलाई पर्दाफास गरी, अछूत भनी विभेदमा पारिएका शुद्र भनिनेहरूको उत्थान गर्न समाजको तल्लो तहमै सचेतनात्मक जागरण ल्याउन आह्वान गरिएको थियो । बाहुनवादी समाजको इसारामा चल्ने राणाशासन २००७ सालमा अन्त्य भइसकेको भए पनि तिनै बाहुनवादी समाजसँग सम्बन्ध राख्ने सरदार गुञ्जमान सिंहको अध्यक्षतामा बनेको राजा महेन्द्रको शाही सल्लाहकार समितिको सरकारले देशमा प्रजातन्त्र आए पनि उक्त 'को अछुत ?' पुस्तकको सबै प्रति प्रेसबाटै जफत गरेको थियो । फेरि पनि यथास्थिति वादीहरूसँग कत्ति पनि नडराई, मुलुकी ऐन लागु भएको 'मुक्ति दिवस' मनाइने दिन, २०२० सालमा आयोजित आमसभामा एक्लो पं. मुक्तिनाथले सार्वजनिक रूपले प्रशंसनीय, अदम्य आत्मबलका साथ दलितको हातबाट पानी पिएर, उनीहरूसँगै बसेर खाजासमेत खाएका थिए । यस घटनाको कारणले रूढीवादी गाउँका मानिसहरूले पण्डितको परिवार समेतलाई पानी हटक गरेका थिए । 'भरिन्छ जतिले पेट त्यति मानिसको हक । ओहोटने बढी हो चोर सजायँ गर्नु पर्दछ ।' (आत्मकथाबाट) भनेर शोषण गरेर धनी हुने, सम्पन्न हुने, व्यक्तिवादी सामन्ती समाजलाई कवितामार्फत सचेत गराउन खोज्दा उल्टो उनले अपमान सहनु परेको थियो ।

यस्तै वातावरणमा 'सबैको लागि शिक्षा हुनु पर्छ' भनी अगुवाइ गरी बाटुलेचौरमा हालको बिन्ध्यवासिनी उच्च माध्यमिक विद्यालयको स्थापनाको लागि पनि अनेकौं प्रतिकूल परिस्थितिको सामना गरेर मुक्तिनाथ लागिपरेका थिए । पण्डित-पुरोहित समाज हिन्दु वर्णव्यवस्थाको परम्पराको विपरीत सबैलाई शिक्षा दिने कुरामा एकदम विरोधी थियो । परम्परालाई धर्म र संस्कृतिको नाममा लादेर, 'शिक्षा बाहुनले मात्र हासिल गर्ने हो । अरू जातले पाउँदैन' भनेर शिक्षामा हालिमुहाली गरिरहन चाहन्थे । जनता शिक्षित भएर जान्नेसुन्ने भए भने राणा शासनको चाँडै अन्त्य हुन्छ भनी राणाहरूले पूर्वाग्रह राखे जस्तै उनीहरूका सल्लाहकार पण्डित पुरोहित समाज पनि जनताले खुलमखुल्ला शिक्षा हासिल गर्न पाए भने उनीहरूको शिक्षामाथिको एकाधिकार, समाजमाथिको हैकम अन्त्य हुन्छ भनेर बाहुन बाहेक अरूलाई शिक्षा दिनमा कट्टर विरोधी थिए । यही परम्पराको फलस्वरूप सर्वसाधारण नेपाली समाजको बौद्धिक प्रगति नभएर जन्तुजनावरको स्तरमा रहेको अवस्था थियो, जसले गर्दा आजसम्म पनि नेपाली समाज पूर्णरूपले त्यो हिलो धोएर सफासुग्घर हुन सकेको छैन । पछाडि परेको परेकै छ ।

यस्तो वातावरणमा २००४ सालमा, सबैले विनाभेदभाव पढ्न-लेखन र सीप सिक्न पाइने, राष्ट्रिय जागरणमा आधारित महात्मा गान्धीको आधारशिक्षा पद्धतिमा बनेको 'आधार शिक्षा' नामको शिक्षा नीति राणा प्रधानमन्त्री पद्म शमशेरले लागु गरे । पोखराको बिन्ध्यवासिनी मन्दिरनेर परम्परादेखि सञ्चालन हुँदै आएको 'बिन्ध्यवासिनी संस्कृत पाठशाला' थियो । त्यहाँ ब्राह्मण परिवारका छात्रहरूलाई मात्र पढाइन्थ्यो र दुर्गाकवच, रूद्री, अमरकोश, भागवत गीता आदि पढाउने र कर्मकाण्ड चलाउने शिक्षा दिइन्थ्यो । त्यही पाठशालालाई 'बिन्ध्यवासिनी आधार स्कूल' नामबाट सञ्चालन गर्ने कोटा सरकारबाट आयो ।

यो कोटाको कागजपत्र र आर्थिक सहयोग समेत लिएर ज्ञानमान डङ्गोल नाम गरेका एक कर्मचारी काठमाडौंबाट खटिएर आए । तर यथास्थितिवादी पण्डित पुरोहितहरूले, 'यो गाई खाने विद्या हामीलाई चाहिँदैन' भनेर ज्ञानमानलाई अपमानित गरेर लखेटे । स्मरणीय छ, उनीहरूले 'गाई खाने विद्या' भनी आक्षेप लगाएको निहित नियत, आधार शिक्षाले ब्राह्मणहरू मात्र पढ्न लेखन पाइने परम्पराको विपरीत शिक्षाको ढोका सबैलाई खुला राखेकोले यस्तो आरोप लगाएको देखिन्छ । परम्परावादी धर्मभीरू समाजलाई प्रभाव पार्न 'गाईखाने विद्या' भनी उनीहरूले नाम राखेको बुझिन्छ । वास्तवमा अँग्रेजी शिक्षा जसलाई आज पनि उनीहरू 'गाईखाने विद्या' भन्दछन्, त्यसको आधार शिक्षासँग केही सम्बन्धै थिएन ।

त्यसबेला, २००४ सालमा पं. मुक्तिनाथ काठमाडौँमा आधार शिक्षाको तालिम लिइरहेका थिए । तालिम हासिल गरी, बाटुलेचौरमै उक्त 'बिन्ध्यवासिनी आाधार स्कूल स्थापना गर्छु' भनेर सरकारी तलब रू १५ खाने गरी उनी घर (बाटुलेचौर) फर्के । उनले २००५ असार महिनादेखि ओमकार वा ओमकुमार साहु (लाल बहादुर श्रेष्ठ ?) को घरगोठमा केटाकेटीहरूलाई जम्मा गरी पढाउन थाले । केही वर्ष त्यहाँ स्कूल सञ्चालन गरेपछि २०१० सालभन्दा पहिले हालको बिन्ध्यवासिनी उच्च मावि रहेको ठाउँमा छात्रहरू र शिक्षकहरूको प्रयासले ६५ हात लामो कटेरो बनाएर स्कूल चलाए । त्यस बेला पनि गाउँका परम्परावादी सामन्त भलाद्मीहरूको समाजले 'यो स्कुल चाहिँदैन, यसले अछूतहरूलाई पढ्न बोलायो, सनातन धर्म फाल्यो, कम्युनिष्ट बनायो' भनी विरोध गरे । ज्ञानमान डङ्गोलले बेहोर्नु परेको परिस्थिति मुक्तिनाथले पनि बेहोर्नु पऱ्यो । तैपनि उनी हरेश नखाई स्कूललाई निरन्तरता दिन र उन्नति गर्न दत्तचित रहे ।

पं. मुक्तिनाथले बाटुलेचौरमा मात्र होइन पोखरामै विभिन्न विद्यालयहरूको स्थापनामा सक्दो भूमिका खेले । समाज परिवर्तनको पहिलो आधार शिक्षा हो भन्ने कुरामा उनी विश्वस्त थिए । यस्ता जनमुखी मानवतावादी मुक्तिनाथ को, त्यसबेला औंलामा गन्न सकिने एक-दुई व्यक्ति बाहेक, रूढीवादी, कुपमण्डुक समाजमा अरू कोही थिएन । उनले लेखेका छन्, 'त्यो समाजमा म यति उपेक्षित थिएँ कि यो व्यक्ति पहिले हाम्रै सम्मिलित साथी हो र राजनीतिक दृष्टिले नभए पनि सामाजिक दृष्टिले हाम्रो निकटतम हो भन्ने भावना जसमा राष्ट्रिय दृष्टिकोण लुकेको हुन्थ्यो, त्यो बेपत्ता भएको पाएँ । (आत्मकथा २०४०, पृ.७२)

यसरी सामाजिक क्रान्तिका अगुवा मुक्तिनाथ आफ्नो जीवनकालसम्म बाहुन समाज र विसङ्गतमय बाहुनबादी व्यवहारबाट उपेक्षित रहे । स्मरणीय छ, सूर्यजस्तै विनाभेदभाव सबैमा प्रकाशमान हुने ब्रह्मवादी दर्शनलाई बुझ्ने र व्यवहार गर्नेलाई उनी ब्राह्मण भन्दथे । तर ब्राह्मणको नाममा वर्णव्यवस्थाको ओढ्ने ओढेर, अनेक किसिमको भेदभाव गर्नेलाई भने बाहुन भन्दथे । उनीभन्दा धेरै कनिष्ठ बाटुलेचौरकै गौरव धर्मराज थापा र झलकमान गन्धर्वका गीत, सङ्गित र स्वर राष्ट्रिय स्तरमा सबैको लागि आकर्षक भयो र उनीहरू चर्चित भए । तर मुक्तिनाथ बौद्धिक र समाज परिवर्तनका व्यक्तित्व भएकोले त्यसरी चर्चित हुन सकेनन् । उनको प्रयास राष्ट्रिय स्तरमा चर्चित भएको भए समाज अहिले कति अघि बढिसक्ने थियो । उनी पनि धर्मराज र झलकमान जस्तै राष्ट्रिय स्तरमै चर्चित हुने थिए ।

उनी बाचुन्जेल सामाजिक समानता र श्रमलाई पूजा गर्ने उनको अग्रगामी विचार उपेक्षित नै रह्यो । दूरदर्शी, निष्ठावान, अभियन्तालाई आफ्नो अभियानको मूल्यमान्यता नपाउँदा कति पीडाको अनुभव हुँदोरहेछ, त्यो मैले पनि अनुभव गरेको छु । २०४० सम्मको उनको अनुभव यस्तो छ, 'म जस्ता लाखौं लाख गरिबहरू छन्, जीविकोपार्जनको बाटो पनि भेटाउँदैनन्, अन्तर्राष्ट्रिय सभ्यतासँग पनि परिचित छैनन्, मुलुकमा अवसरवादीहरूको दाउ चलिरहेको पनि देखिन्छ । आफ्नो गतिशील राजनीतिक र सामाजिक विचारहरू कुण्ठित समाजको तीतो घुट्का पिएर जीवन धान्न कति गाह्रो पर्दोरहेछ भन्ने कुरा मैले अनुभव गरेको छु ।' (आत्मकथा २०४० पृ. ११६) 'जीवन धान्न कति गाह्रो पर्दोरहेछ' भन्ने अभिव्यक्ति, भौतिकवादी र व्यक्तिवादीहरूको लागि भलै असफल भएको देखिए पनि युग द्रष्टा अभियन्ताको लागि प्रसव पीडा जस्तै हो, सुखानुभूति हो ।

मुक्तिनाथले २००१ सालमा हलो जोतेर शुरू गरेको अभियान आज ७० वर्ष पुगेको छ । यो वर्ष उनको सतवार्षिकी पनि हो । उनकै अभियानले गर्दा आज सामाजिक विभेद, छुवाछूत, लैङ्गिक शोषण आदि विसङ्गतिको विरूद्ध आवाज उठाउने खुल्ला वातावरण आएको छ, तर उनी र उनको त्यस बेलाको अग्रगामी कदम र व्यवहारको कहीँ कसैले चर्चा गरेको देखिदैन, बरू रूक्माङ्गद कटवालको जीवनीको चर्चा गरेको पाइन्छ । नेपाली समाज अझै कति अवसरवादी र इतिहास प्रति कृतघ्न रहेछ । सबैसँग मेरो प्रश्न छ, 'यो दीर्घ रोगको अन्त्य कहिले होला, वा हुँदैहुँदैन ?'

केवल उनका छोराहरू र केही शुभचिन्तकको सक्रियताले 'पं. मुक्तिनाथ स्मृति प्रतिष्ठान' स्थापना भएको छ । उनको देनको अमर सम्झना गर्ने उद्देश्य यो संस्थाको रहेको छ । आशा र भरोसा छ यस प्रतिष्ठानले पं. मुक्तिनाथको समाज परिवर्तन (सुधार) को अभियानलाई समाजको तल्लो तहदेखि माथिल्लो तहसम्म सुधार ल्याउनमा सक्रिय रहने छ । तर सहयोग र अर्थको अभावले यो संस्था धेरै सक्रिय हुन सकेको छैन । केवल बिन्ध्यवासिनी उ.मा.वि. मा पढ्ने दलितमा पारिएका सबभन्दा जेहेनदार एक जना छात्र र एक जना छात्रालाई उनीहरूको अध्ययनमा सहयोग होस् भन्ने हेतुले केही छात्रवृत्ति प्रदान गरिएको छ । पं. मुक्तिनाथप्रति सम्झना गर्दै उनले थालेको समाज परिवर्तनको अभियानलाई अघि बढाउनु आजको आवश्यकता हो ।

साभार : सुनाखरी सन्देश

आजको पञ्चाङ्ग

मिति २०७२ साल आश्विन २२ गते शुक्रबार, तदनुसार अक्टुवर ९ सन् २०१५, श्रीशाके १९३७, नेपाल संवत् ११३५, कीलकनामकः संवत्सरः, सूर्य पृथ्वीको दक्षिणी गोलार्द्धमा प्रवेश गरिसकेका छन् । शरद ऋतु चलिरहेको छ । चान्द्रमान अनुसार आश्विनकृष्ण (पितृ) पक्ष चलिरहेको छ । सौरमान अनुसार आज आश्विनकृष्ण (पितृ) पक्षको द्वादशी तिथि ४१ घटि १ पला अर्थात रातिमा १० बजेर २५ मिनेट सम्म त्यसउपरान्त त्रयोदशी तिथि लाग्नेछ । आज सूर्य कन्या राशिमा, चन्द्रमा सिंह राशिमा अहोरात्र रहनेछ । आज दिनमान २९ घटि ८ पलाको रहनेछ । आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ६ बजेर १ मिनेटमा विभिषण मुहूर्तमा हुनेछ भने सूर्यास्त साझ ५ बजेर ४२ मिनेटमा हुनेछ ।

आजको राशिफल

मेष : पारिवारिक विरोध खेप्नुपर्ने, आफ्नै पेशाबाट घाटा हुन सक्ने, सामाजिक कचिलोले गर्दा दिनभर चिन्ता पर्नेछ ।

वृष : आफ्नै पेशाबाट नोक्सान व्यहोर्नुपर्ने, यात्रा गर्दा कठिनाई, पढाईमा मन नजाने, समय खराब छ सतर्क रहनुहोला ।

मिथुन : शैक्षिक तथा सामाजिक प्रगति हुने, प्रेमप्रसँग सुमधुर रहन सक्नेछन्, आदर सत्कार पाइने ठाउँमा सरिक हनु पाइनेछ ।

कर्कट : स्वास्थ्य भरपर्दो हुनेछैन, खानेकुरामा सतर्क रहनुहोला, जमिन विवाद पर्न सक्ने, चनाखो भई कार्य शुरु गर्नुहोला ।

सिंह : नयाँ मित्रसँग भेट, आर्थिक क्षेत्रबाट लाभ पाइने, अधुरो कार्य पुरा हुने सम्भावना दिन महत्वपूर्ण रहनेछ ।

कन्या : समस्यासंग संघर्ष, पेट रोगले पिरोल्ने सम्भावना, व्यापारमा गिरावट, अशुभ समाचार सुन्नुपर्ला ।

तुला : मित्रहरूबाट सहयोग पाइनेछ, कला क्षेत्रमा अभिरुचिबढ्ने, एकमुष्ठ रकम संकलन हुने, स्वादिष्ट ब्यञ्जन प्राप्त हुनेछ ।

वृश्चिक : दैनिक कार्य अधुरा हुन सक्नेछ, विरोधीहरू सक्रिय हुँदै जान सक्नेछन, स्वास्थ्य हानी समय तथा दिन खराब रहनेछ ।

धनु : स्वास्थ्यमा क्रमिक सुधार आउनेछ, सापटी दिएको धन प्राप्त हुनेछ, दिन शुभ छ उपयोग गर्नुहोला ।

मकर : पारिवारिक किचलो थपिनाले मानसिक चिन्ता बढ्दै जानेछ, नकारात्मक सोचाईले गर्दा आफैलाई घाटा हुनेछ ।

मीन : पुरानो कार्यबाट आम्दानीमा एक्कासि बृद्धि, सहयोगी हातहरू बढ्नेछन्, धर्मकर्ममा मन जानेछ समय शुभ छ ।

कुम्भ : एक्कासि धन तथा जमिन लाभ पाइने, नयाँ कार्यमा लगानी हुन सक्नेछ, दिन सबै प्रकारले शुभ रहनेछ ।

राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४६१४७३६९

सर्वोच्चको आदेश

काठमाडौं २१ असोज ।

सर्वोच्च अदालतले भारतीय कम्पनीसँग सम्झौताको तयारी गरिएको काठमाडौँ-तराई-मधेस द्रुतमार्ग(फास्टट्र्याक) का बारेमा हाललाई कार्यान्वयन अगाडि नबढाउन सरकारलाई आदेश दिएको छ । प्रधानन्यायाधीश कल्याण श्रेष्ठको एकल इजलासले बिहीबार उक्त योजनाका बारेमा उठेको प्रश्न विचारणीय भएकाले सो योजना हाल जहाँ पुगेको भए पनि त्यसलाई आउँदो कात्तिक ११ गतेसम्म यथास्थितिमा राख्न सरकारलाई अन्तरिम आदेश दिएको हो । सर्वोच्च अदालतले सो आयोजनामा निरुपण गर्ने विषय धेरै भएको उल्लेख गर्दै सो आयोजना हाललाई कार्यान्वयन नगर्न मन्त्रिपरिषद् लगायतका निकायको नाममा अन्तरिम आदेश दिएको हो । सर्वोच्च अदालतले उक्त योजनाको लगानी संरचना कस्तो हुने, लागतको अनुपात के कति हुने भन्ने अझै पनि अनिश्चित देखिएको भन्दै त्यसलाई हाल कार्यान्वयन गर्न नहुने उल्लेख गरेको छ ।रासस

पार्लर विक्रीमा

पोखराको विन्ध्यवासिनी स्थित अत्यन्त चालु अवस्थामा रहेको एक ब्युटी पार्लर विशेष कारणवश विक्रीमा रहेको छ । ईच्छुक व्यक्तिले तुरुन्त सम्पर्क गर्नुहोला ।

सम्पर्कः
९८४६११५२३७
९८१७१११४०४

मनाङलाई स्याउ खेतीमा आत्मनिर्भर बनाइँदै

लमजुङ २१ असोज ।

हिमाल पारीको जिल्ला मनाङ जिल्लालाई स्याउ खेतीमा आत्मनिर्भर बनाउने तयारी गरिएको छ । जिल्लामा पछिल्ला वर्षमा स्याउ खेतीले व्यवसायिकता पाएसँगै सो तयारी गरिएको हो । योजना तथा अभियान अनुसार अबको ५ वर्षभित्र १५ लाख किलो स्याउ उत्पादन गर्ने लक्ष्य रहेको छ । सो क्रममा मनाङस्थित एग्रो मनाङ प्रालिले ७ सय ३५ रोपनी क्षेत्रफलमा ५० हजार स्याउका विरुवाहरू रोपेर उत्पादन समेत शुरु गरेको प्रालिका निर्देशक पाल्तेन छोपाङ गुरुङले बताए । उनका अनुसार सो योजनाका लागि १६ करोड लगानीमा स्याउ खेतीको विस्तार गरिएको छ । यसैगरी अभियानका लागि एडिवी अन्तर्गतको हिमाली परियोजनाले २ करोड २४ लाख अनुदान दिएको जिल्ला कृषि विकास कार्यालयले जनाएको छ ।

राष्ट्रकै नमुना स्याउ खेती गर्ने अभियानका साथ काम अघि बढेको स्याउ खेतीले मनाङको आर्थिक विकासमा सहयोगी हुने अपेक्षा गरिएको जिल्ला विकास समिति मनाङका स्थानीय विकास अधिकारी कृष्ण प्रसाद धितालले बताए । एग्रो मनाङमार्फत स्याउका प्रति बिरुवा १ हजार ५ सयमा इटालीबाट खरिद गरी ल्याएको निर्देशक पाल्तेनले जानकारी दिए । उनले एग्रो मनाङले टेण्डर प्रक्रियाबाट स्याउ खेतीका लागि नेपालका उच्च हिमाली क्षेत्रका १० वटा जिल्लाहरुमा ब्यवसायिक कृषिको विकासका लागि काम गर्दै आएको बताए । सोही अभियान अन्तर्गत मर्स्याङ्दी क्लवको आयश्रोत बढाउनको लागि उपलब्ध गराएको ७ सय ३५ रोपनीको जग्गा २७ बर्षका लागि १२ करोड ९१ लाख ११ हजार भाडा तिर्ने गरी लिजमा लिएको छ ।

मनाङ जिल्लामा नै एकमात्र नगदे बालीको पहिचान बनाउँदै आएको स्याउको उत्पादनले यसअघि राम्रो बजार पाउन सकेको थिएन । उत्पादन राम्रो भएर पनि ढुवानीको समस्याका कारण स्थानीयवासीले खासै आम्दानी लिन सकेका थिएनन् तर अहिले लमजुङको सदरमुकाम वेसीशहर हुँदै मनाङ सदरमुकाम चामेसम्म सडक निर्माण भई मोटर सेवा सञ्चालन हुन थालेपछि आफूहरूले उत्पादन गरेको स्याउले बजार पाउनेमा मनाङवासीले विश्वास व्यक्त गरेका छन् ।

अनेक समस्या सफल उपचार

ग्याष्ट्रिक: खाना रुचि नहुने, अमिलो पानी आउने, झुसिल ढकार आउने जस्तो सुकै पुरानो ग्याष्ट्रिकको सफल उपचार ।

यौन समस्या:- शिघ्र स्खलन, उत्तेजना नहुने, लिङ्ग चिलाउने, स्वप्न दोष जस्तो सुकै यौन समस्याको सफल उपचार ।

महिला सम्बन्धि समस्या

महिलामारी नडवढी, सेतोपानी बग्ने, योनी चिलाउने, तल्लो पेट ढाड कम्मर दुख्ने, पेट तथा छातीमा भएको सेतो धर्सा हटाउने, स्तन बढाउने तथा घटाउने तथा टाईट गर्ने, यौन चाहानामा कमी हुने जस्तो सुकै समस्याको आयुर्वेदिक पद्धतिबाट सफल उपचार ।

जाँड रक्सी थाहा नदिई केहि दिनमै छुटाउने

सुन्दरता:- कालो चायाँ पोतो, डण्डिफोर, दाग धब्बा, मखिया, कोठी, चाउरपिन हटाई पुरै शरिर गोरो बनाउने ।

दुब्लो पातलो शरिरको तौल बढाउने साथै मोटो पन घटाउने ॥

थप उपचार:- प्रेसर, सुगर, जण्डिस, पिनास, पाइल्स, दम साथै बाथ, ढाड कम्मर, हाड जोर्नी पुरै शरिर दुःखाई ठिक पार्ने मसाज तेल ।

शितल आयुर्वेद फर्मा

पृथ्वीचोक, पोखरा, मुक्तिनाथ विकास बैंकको अगाडि पोखरा इलेक्ट्रोनिक्स भवन भित्र

फ्रि होम डेलिभरि

फोन नं.०६१-५३१८६७, ०६-१२२९९९८, मो. ९८४६१३७४१८

पोखरामा पहिलो पटक

यौनबर्द्धक : लिङ्गको साइज, पावर बढाउन, शिघ्र स्खलन रोक्न, विश्व विख्यात हर्बल सप्लिमेन्ट उपकरण, मसाज तेल (महिला पुरुष दुवैको लागि)

- स्तन बढाउन, घटाउन, टाइट गर्न, गुप्ताङ्ग कसिलो बनाउन, पेटको चिरा हटाउन।
- केश झर्न रोकी उमार्ने तेल, Hair Building Fibers.
- Cuit Face बनाउन रुप अमृत (Inddian), Fair Look
- उचाई बढाउन Step Up, Triple Height
- तौल बढाउन (B.D.P) Body Buildo घटाउन (More Slim)
- थाहै नदिई जाँड रक्सी चुरोट, खैनी, गाँजा तथा ड्रग्स छुटाउन।
- ढाँड तथा जोर्नी दुखाई ठिक पार्न, सन्धी सुधा पेनलिल।

अब Facebook मा www.facebook.com/Pokhara Herbal Home

पोखरा हर्बल होम्स

(भाटभटेनीको ठिक अगाडि) न्यूरोड, पोखरा

061-539070, 9856035331, 9804122919

फ्रि होम डेलिभरी

द गोर्खाज सहकारीको साधारणसभा, अध्यक्षमा पुनः गुरुङ

गोल्डेन न्यूज संवाददाता
पोखरा २१ असोज ।

गोर्खा कम्युनिटी पोखरा अन्तर्गत रहेको संस्थाहरुमध्ये पोखराको बुद्धचोकमा रहेको द गोर्खाज बचत तथा ऋण सहकारी संस्था लिमिटेडको बुधबार तेस्रो अधिवेशन तथा छैटौं साधारणसभा सम्पन्न भएको छ । अधिवेशनले अध्यक्षमा पुनःक्याप्टेन इन्द्र बहादुर गुरुङलाई चयन गरेको छ । यस्तै उपाध्यक्षमा ध्वइद्द भीम बहादुर गुरुङ, सचिवमा हवल्दार विल बहादुर गुरुङ, कोषाध्यक्षमा क्याप्टेन पस बहादुर गुरुङलाई चयन गरेको छ भने सदस्यहरुमा मेजर लक्ष्मीप्रसाद गुरुङ, शान्ती गुरुङ, ध्वइद्द भुपालजंग कुवँर, सावित्री गुरुङ र देवेन्द्र गुरुङ चयन भएका छन । बुधबार अबेर सम्पन्न भएको अधिवेशनमा अध्यक्ष पदमा दुई जना सदस्यहरुको दाबेदार रहेपछि निर्वाचन गर्ने भनिएपनि पछि पुनः पुरानै कार्य समिति सहित केहि नयाँ सदस्यहरुलाई संचालक समितिमा चयन गरेको हो । यसअघि पहिलो वन्दसत्रमा कार्यक्रमका प्रमुख अतिथी सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय पोखराका प्राचार्य बद्रिनाथ अधिकारीले पानसमा मैनबत्ती प्रज्वलन गरी उद्घाटन गरेका थिए । प्रमुख अतिथि

अधिकारीले नेपालमा सहकारीको अवधारणले निकै फड्को मारेको बताउँदै सहकारीका सात सिद्धान्तलाई पालना गरेमा कोहि कसैसंग पनि डराउनु नपर्ने बताए । सोहि अवसरमा वोल्दै कास्की बचत तथा ऋण सहकारी सङघका अध्यक्ष भीम गुरुङले अनुत्पादक क्षेत्रमा लगानी गर्ने सहकारीको भविष्य राम्रो नहुने भन्दै समुदायले समुदायकै आर्थिक उन्नतिको लागि काम गर्नुपर्ने बताए । संस्थाका अध्यक्ष क्याप्टेन इन्द्रबहादुर गुरुङले पोखरामा छरिएर रहेका गोर्खाली समुदायलाई सहकारी मार्फत समेट्न खोजेको बताए । गोर्खा कम्युनिटी पोखराका अध्यक्ष मेजर लक्ष्मीप्रसाद गुरुङले भू.पू.हरुले विभिन्न बैंक वित्तिय तथा संघ संस्थाहरुमा मासिक करौडौं रुपैयाँ पेन्सन ट्रान्सफर हुने रकमलाई संकलन गर्ने लक्ष्य लिएको बताए । संस्थाका अध्यक्ष क्याप्टेन इन्द्रबहादुर गुरुङको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा गोर्खा उपभोक्ता पसलकका संयोजक भीम बहादुर गुरुङ, गोर्खा एण्ड बराह ज्वलेरीका प्रवन्ध निर्देशक हरि कुमार धमला, संस्थाका कानुनी सल्लाहकार जुना कुमारी गुरुङ, भुपालजंग कुवँर, मेजर प्रेम बहादुर थापा, संस्थाका सचिव सुवेदार वीर बहादुर गुरुङ लगायतले आ-आफ्नो भनाइ राखेका थिए । कार्यक्रममा संस्थाका जेष्ठ नागरिकहरु देउमाया गुरुङ,क्याप्टेन मन बहादुर गुरुङ,लाल कुमारी गुरुङ, उत्कृष्ट बचतकर्ता विमला कुमारी गुरुङ, उत्कृष्ट निक्षेपकर्ता टंक बहादुर गुरुङलाई सम्मान गरिएको छ । त्यस्तै उच्च शिक्षा हासिल गर्ने मीन सुव्वा गुरुङ र एस.एल.सी.मा उत्कृष्ट अंक ल्याउने सिजन रानालाई सम्मान गरिएको थियो । द गोर्खाज बचत तथा ऋण सहकारी संस्था लिमिटेडले २०६६ बैशाख १३ गते दर्ता गरी २०६६ श्रावण १ गतेबाट संस्थाले कारोबार संचालन गरेको थियो । अधिवेशनमा वरिष्ट संचारकर्मी तथा गोर्खाली रेडियोका अध्यक्ष शान्ति गुरुङले कार्यक्रम संचालन गरेकी थिइन ।

आठ वर्षसम्म प्रध्यापक नफर्किंदा पढाई प्रभावित

शान्ता कमली
लमजुङ २१ असोज ।

लमजुङको सुन्दरबजार स्थित कृषि तथा पशु विज्ञान अध्ययन संस्थान, लमजुङ कृषि क्याम्पसबाट अध्ययन बिदामा विभिन्न देशमा गएका प्राध्यापकहरू ८ वर्ष बितिसक्दा पनि नफर्किदा क्याम्पसको पढाई प्रभावित भएको छ । अध्ययन विदामा गएका उनीहरूलाई बिदा अवधि सकिएको लामो समयसम्म पनि सम्पर्कमा नआएपछि क्याम्पस प्रशासनले अनुपस्थिति सूचिमा राखेको छ ।

विभागबाट अध्ययन विदा स्वीकृत गराएर करिब १३ वर्ष अघि बेलायत र अमेरिका पुगेका ४ जना शिक्षकहरु ८ वर्षदेखि क्याम्पसको रेकर्डमा अनुपस्थित देखिएका हुन् । प्राध्यापकहरू चूडामणि पाण्डे, अर्जुन काफ्ले, उमेशराज रोशियारा र राजेन्द्र शिसोडिया अध्ययन विदामा गएकोमा बिदा अवधि सकिएको लामो समयसम्म पनि सम्पर्कमा नआएको क्याम्पस प्रशासनले जनाएको छ । रोसियारा ०६४ फागुनदेखि, पाण्डे ०६६ चैत, सिसोडिया ०६७ साउन र काफ्ले ०६९ साउनदेखि अनुपस्थित रहँदै आएको क्याम्पस प्रमुख डा. लालप्रसाद अमगाईंले बताए । उनका अनुसार त्यसरी विदामा गएकाहरूमा पाण्डे माछाको अध्ययन गर्न बेलायत गएका हुन् भने काफ्ले, रोशियारा र शिसोडिया अमेरिकामा क्रमशः कृषि वातावरण, प्लान्ट फिडिङ्गका लागि गएको रेकर्ड क्याम्पसमा छ । त्यस्तै, अर्का प्राध्यापक सरोज मिश्र सहायक डीन भएर र अर्का प्राध्यापक हरिकृष्ण पन्त प्लानिङ्ग चिफ भएर डिन कार्यालय सरुवा भइसकेका छन् । दरबन्दीका बाँकी र अन्य ९ जना करार प्राध्यापकद्वारा क्याम्पस धान्दै आएका छन् । लमजुङ क्याम्पसमा रहेको कुल १४ प्राध्यापक दरबन्दीमध्ये लामोसमयदेखि अनुपस्थित ४ सहित ९ जना अध्ययन विदामै रहेको देखिएको छ । त्यसोत सबै प्राध्यापकहरू त्यसरी गैरहाजिरी हुने गरेका छैनन् । डा. विष्णुविलास अधिकारीले भारतबाट विद्यावारिधि पुरागरी फर्किए अध्यापन कार्यमा सरिक भएको प्रमुख अमगाईले जानकारी दिए । उनका अनुसार अनुपस्थित हुने प्राध्यापकहरुको बारेमा क्याम्पसको तर्फबाट डिन कार्यालयमा समेत लिखित जानकारी पठाइसकेको छ ।

मुस्ताङको छोसेर गाविस पूर्ण खोप सुनिश्चित

मुस्ताङ २१ असोज ।

हिमाली जिल्ला मुस्ताङको करिव ४ हजार मिटर उचाईमा रहेको छोसेर गाविसलाई विहीवार पूर्ण खोप गाविस घोषणा गरिएको छ । गाविस अर्न्तगतका ९ वटै वडाका सवै वाललालिकाहरुले सवै खोपको मात्रा पुरा गरेको सुनिश्चित गरिएको र आगामी दिनमा जन्मने वच्चाहरुलाई पनि खोप लगाउने प्रतिवद्धता सहित उक्त गाविसलाई जिल्लाकै १४ औं पूर्णखोप गाविस घोषणा गरिएको हो । जिल्लाका १६ गाविस मध्ये छोसेर चीनको तीव्वत (धुम्वासेन जिल्ला) सगँ सीमाना जोडिएको सवै भन्दा उचाइमा रहेको गाविस पनि हो । सीमा प्रशासन कार्यालयका प्रमुख कृष्णराज ढकालको प्रमुख आतिथ्यता एवं गाविस सचिव राममणी ढकालको अध्यक्षतामा भएको घोषणासभामा नेपाली कांग्रेसका पार्टी सभापति सुवर्ण विष्ट, जिल्ला विकास समितिका कार्यक्रम अधिकृत केदार थापा, खोप अधिकृत व्रदी आचार्य लगायतले मन्तव्य व्यक्त गरेका थिए । कार्यक्रममा शिक्षक विद्यार्थी, नागरिक समाज, संघ संस्था, स्वास्थ्य कर्मी, महिला स्वास्थ्य स्वयंसेविका हरुको विशाल रयाली, वाजागाजा प्लेकार्ड सहित गाउँ परिक्रमा गरी घोषणा सभामा परिणत भएको थियो ।

लेनपाका कार्यकारीद्वयलाई बिदाई र स्वागत

गोल्डेन न्यूज संवाददाता
पोखरा २१ असोज ।

टोल विकास संस्था नगर समन्वय समिति लेखनाथले बिहीबार एक कार्यक्रमका बीच लेखनाथ नगरपालिकामा आएका कार्यकारी अधिकृत लोकबहादुर भण्डारी र लेखनाथ उद्योग वाणिज्य संघका नवनिर्वाचित टीमलाई एउटै मञ्चबाट स्वागत र बधाई ज्ञापन गरेको छ ।

कार्यक्रममा बोल्दै ईलाम नगरपालिकाबाट लेखनाथ नगरपालिकाको कार्यकारी अधिकृतका रुपमा आएका लोकबहादुर भण्डारीले लेखनाथ नगर क्षेत्रको आर्थिक, सामाजिक तथा भौतिक विकासका लागि यहाँ रहेका समाजिक संघ-सस्था, राजनीतिक पाटी, टोल विकास सस्था तथा नागरिक समाजको सल्लाह, सुझाब र सहकार्यताबाट अगाडि बढ्नेमा जोड दिएका थिए । नगरपालिकाको विकासका लागि एक्लो कार्यकारीले केही पनि गर्ने सक्दैन तर तिनै विकास निमार्णका काममा यहाँहरुको सहयोग र सहकार्य भयो भने हामीले कल्पना गरेको सात तालको बाटिका सहरको अवधारणलाई साकार पार्न सकिन्छ कार्यकारी भण्डारीको भनाई रहेको थियो।

सोहि अवसरमा बोल्दै लेखनाथ उद्योग वाणिज्य संघका नब निर्वाचित अध्यक्ष लक्ष्मी प्रसाद त्रिपाठीले उद्योग वाणिज्य संघले निजी क्षेत्रको प्रतिनिधित्व गर्ने भएपनि लेखनाथ नगर क्षेत्रको समग्र विकासका लागि विगतका बर्षमा जस्तै आगामी बर्षहरुमा पनि दुबै संस्थाका बीच सहकार्यताको सिद्धान्तले अगाडि बढ्दै जाने प्रतिबद्धता जाहेर गरेका थिए । टोल विकास सस्था नगर समन्वय समिति लेखनाथलका अध्यक्ष छविलाल लामिछानेको अध्यक्षतामा भएको सो कार्यक्रममा लेखनाथ नगरपालिकका कानूनी सल्लाहकार राममणि अधिकारी, समन्वय समितिका सदस्य टीकाराम पंगेनी, राखी रेडक्रसका सभापति मुरारी शर्मा र गाउँ नगर साझेदारी शाखाका रविन्द्र अधिकारी लगायतले सरकारको नीति अनुसार संस्थामा व्यक्ति परिवर्तन भएपनि संस्थाले गर्ने विकास निर्माण देखि जनमुखी सेवामा समयानुकुल परिवर्तन गर्दै लैजानुपर्ने सुझाव राखेका थिए । टोल विकास सस्था नगर समन्वय समितिका सचिब शैलेन्द्रमोहन भटराईले संचालन गरेको सो कार्यक्रममा धन्यवाद ज्ञापन सह-संयोजक मनदेबी गुरुङले गरेकी थिईन ।

संयुक्त आँखा शिविर सम्पन्न

गोल्डेन न्यूज संवाददाता
पोखरा २१ असोज ।

लायन्स क्लब अफ पोखरा समर्पण र पोखरा डल्फिनको आयोजनामा बिहीबार पोखरामा निःशुल्क आँखा परिक्षण सम्पन्न भएको छ । पोखराको नदीपुरमा अवस्थित कन्या मा.वि.मा सञ्चालित उक्त शिविरबाट विद्यालयका २२३ जना विद्यार्थी सहित शिक्षक, कर्मचारी गरी झण्डै दुई सय ४० जनाको आँखा परिक्षण तथा औषधि वितरण गरिएको थियो । हिमालय आँखा अस्पताल घारीपाटनले प्राविधिक सहयोग गरेको उक्त कार्यक्रममा ६ जनालाई चश्मा वितरण गरिएको थियो ।

कार्यक्रमका प्रमुख अतिथि पूर्व डिष्ट्रिक्ट गभर्नर योगेन्द्र प्रधानले लायन्स क्लब एउटा सामाजिक संस्था भएकोले सधै सामाजिक सेवामुखी क्रियाकलापमा अगाडि बढ्दै आएको बताए । अध्यक्षको आसनबाट बोल्दै समर्पणका अध्यक्ष आभा जोशीले जन्मदै दृष्टिबिहीन बाहेक ८० प्रतिशत आँखाको रोग उपचारबाट निको हुने मान्यता रहेकाले क्लबले समय समयमा आँखा शिविर सञ्चालन गर्दै आएको बताइन् । कार्यक्रममा लायन्स क्लब अफ पोखरा डल्फिनका अध्यक्ष गोविन्द बहादुर शाही, कार्यक्रम संयोजक डासीराम सापकोटा, समर्पणका कार्यक्रम संयोजक विमला बसेल, विद्यालयका प्रधानाध्यापक गणेश प्रसाद शर्मालगायतले मन्तव्य राखेका थिए । कार्यक्रम समर्पणका सचिव मिना लाभाजुले सञ्चालन गरेकी थिइन् ।

सिक्लेस सांस्कृतिक साँझको तयारी अन्तिम चरणमा

पोखरा २१ असोज ।(गोल्डेन)

“मौलिक कला संस्कृतिको संरक्षण, पर्यटनमा प्रवर्द्धन” भन्ने मूल नाराका साथ असोज २३ गते अर्थात यहि शनिवार पोखरा सभागृहमा हुन लागेको सिक्लेस साँस्कृतिक साँझ २०७२ को तयारी अन्तिम चरणमा पुगेको छ । ९१ वर्षिय वयोवृद्ध खुम्बु टु तमू र इन्जिनियर क्याप्टेन चन्द्र वहादुर तमूको मुख्य प्रायोजनमा शनिवार दिउसो २ बजेदेखि हुन लागेको उक्त कार्यक्रमको लागि सम्पूर्ण तयारी पुरा भएको कार्यक्रम संयोजक देवीजंग तमूले जानकारी दिए ।

कार्यक्रममा प्रस्तुत गर्ने घाँटु, मौखिक गायनसंगै नृत्यका लागि सिक्लेस गाउँबाट आमा समूह र घाँटु समुह पनि पोखरा आइसकेको र पोखरामा रहेका कलाकारहरु पनि पूर्ण तयारी अवस्थामा रहेको नृत्य निर्देशकद्धय केश गुरुङ र रुपा गुरुङले जानकारी दिए । कार्यक्रमको लागि देश तथा विदेशबाट आर्थिक सहयोगहरु पनि प्राप्त भइरहेको क्लवका सचिव देवीजंग तमूले बताए । सिक्लेस युवा क्लवको आयोजनामा हुने सिक्लेस साँझमा पौराणिक घाँटु नाच, सिक्लेस चिनारीसम्वन्धीको डकुमेण्ट्री प्रदर्शन, मौखिक गायन एवम् नृत्य, गुरुङ चलचित्रमा अभिनय गरेका कलाकारहरुको प्रस्तुतिका साथै विविध साँस्कृतिक कार्यक्रमहरु प्रस्तुत हुने आयोजकले जानकारी दिएको छ । कार्यक्रममा पार्चे गाविस वडा ७ सिक्लेस धप्राङथर घर भई हाल पोखरा १२ लालीगुराँस बस्दै आउनुभएका ९१ वर्षिय खुम्बु टु तमू र सिक्लेस ०८ हर्पुथर घर भई हाल हङकङ रहेका क्याप्टेन इन्जिनियर चन्द्र वहादुर तमूले कार्यक्रमको लागि १/१ लाखको सहयोग गरि मुख्य प्रायोजक बन्नुभएको क्लवका अध्यक्ष एवम् कार्यक्रम संयोजक देवीजंग तमूले जानकारी दिए । मुख्य प्रायोजक खुम्वु टु तमुका छोरावुहारीहरुद्वारा पोखरा चिप्लेढुगामा सिक्लेस युनिभर्सल कोशिला टावर, सोहि टावरको पाँचौ तल्लामा रुफटप रेष्टुरेण्ट एण्ड बार, हङकङमा कोशिली इम्पोरियम र जापानमा लालीगुराँस रेष्टुरेण्ट संचालनमा रहेका छन् ।

योग शिविर जारी

गोल्डेन न्यूज संवाददाता
पोखरा २१ असोज ।

रेडियो जननीको संयोजन र विश्व शान्ति मिसन नेपाल काठमाडौंको आयोजनामा पोखरामा जारी संगीतमय ध्यान योग शिविरमा पाचौं दिन बिहीबार सम्ममा १ हजार जनाले सहभागिता जनाएका छन् । कास्टर नेपाल प्रा.लि.को प्रायोजनमा सृजनाचोक स्थित साइमन पार्टी प्यालेसमा जारी योग शिविरमा बिहान ५ बजेदेखि ८ बजेसम्म योग गर्नेहरुको उल्लेख्य उपस्थिति रहने गरेको छ ।

योग शिविरमा बिहान साढे १० बजेदेखि साढे ३ बजेसम्म विभिन्न रोगका बिरामीहरुलाई आयुर्वेदिक प्राकृतिक उपचार एवम् निःशुल्क चिकित्सा परामर्शका साथै शरीरमा भएका विशाक्त पदार्थलाई अत्याधुनिक मेशिनद्वारा निकालिने कार्यक्रम पनि भैरहेको छ । बिहिबार सम्ममा करिब ४ सय जनाले परामर्श लिनुका साथै शरीरमा भएका विशाक्त पदार्थलाई अत्याधुनिक मेशिनद्वारा निकालिएको विश्व शान्ति मिसन नेपालका महासचिव गोपाल थापाले जानकारी दिए । शिविरमा विश्व शान्ति मिसन नेपालका अध्यक्ष योग गुरु स्वामी आनन्द प्रेमले योग सिकाइरहनु भएको छ । शारीरिक र मानसिक रुपमा स्वस्थ रहनका लागि योगको निकै महत्व रहेको स्वामी आनन्द प्रेम बताउँछन् । संगीतमय ध्यान योग शिविर शनिबारसम्म चल्नेछ भने शिविरमा निःशुल्क प्रवेशको व्यवस्था रहेको छ ।

सूचना ! सूचना !! सूचना !!!

यस समपर्ण बचत तथा ऋण सहकारी संस्था लिमिटेड, नयाँबजार पोखरा-९ को संचालक समितिको बैठकको निर्णय अनुसार छैठौं वार्षिक साधारणसभा निम्न मिति, समय र स्थानमा हुन गइरहेको कार्यक्रममा सम्पूर्ण शेयर सदस्य महानुभावहरुलाई पत्र पठाईसकिएको छ । कथंकदाचित पत्र प्राप्त नभएमा यसै सूचनालाई आधार मानि उपस्थित भइदिनुहुन हार्दिक अनुरोध गर्दछौँ ।

कार्यक्रम
मिति : २०७२ असोज २३ गते शनिबार
समय : दिउँसो १ बजे
स्थान : द यात्रा, वैदाम

अन्य थप जानकारीका लागि संस्थाको कार्यालयमा सम्पर्क गर्नुहुन हार्दिक अनुरोध गर्दछौँ ।

प्रार्थी
समर्पण बचत तथा ऋण सहकारी संस्था लि.
नयाँबजार,पोखरा-९, फोन : ०६१-५३१६३१

जीवन के.सी. मो. ९८५६०-३८०६६ ९८०६६-४०८८५
पञ्चमुखी लक्ष्मी सप्लायर्स
हवेलीमार्ग, काजीपोखरी पोखरा-१८
विवाह, ब्रतबन्ध, भोज तथा अन्य कुनै कार्यको लागि सफा खानेपानी चाहिएमा हामीलाई सम्झनुहोस् ।

सस्तोमा जहाज टिकट

सस्तोमा राष्ट्रिय, अन्तर्राष्ट्रिय हवाईजहाज टिकट तथा टुरिष्ट बस टिकट चाहिएमा साथै विदेशमा सामान पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।

World Int'l Travels & Tours Pvt. Ltd.
Newroad, Darbarthok Marga, Pokhara-9
Ph: 061-523753, 526409, 9856032747

खुशीको खबर !

के तपाईंलाई लागोभागो भई छेदभेद गर्दै हुनुहुन्छ ? चिन्ता नगर्नुहोस्, अकलाको गउडो पार लगाउने देवी हुनुहुन्छ । साथै ढाड दुखेको, वाथ, शुक्री, बाँझोपन हटाउने ग्याष्ट्रिक, रक्सी छुटाउने औषधि समेत पाइन्छ । ***महिनावारी भएको ७ दिन र जूठो परेको १ वर्षपछिमात्र आउने ।***

अकलादेवी चढेकी अधिकारी (मिरुवाचोक प्रतिक्षालय नजिक)
वडा नं. २ घर नं. २ । सम्पर्क : ९८४६२८५९५९

विदेश जानेहरूका लागि सुवर्ण अवसर

Macow, Abudabi को **Spark, Middle East, Star** र **Al Jaber Coin** दुवई र कतारको **Grup-4 Security** कम्पनीहरुमा जान चाहनेहरुलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रिय स्तरको सेक्युरिटी गार्ड तालिम र अंग्रेजी भाषाको तयारी कक्षाहरु संचालन भैरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।

हाम्रा विशेषताहरू :- **अन्तर्वार्ता धमाधम भइरहेको छ ।**
❖शतप्रतिशत उत्तीर्ण गराउन सफल ❖आफ्नै मेनपावर कम्पनीबाट प्रोशेस गराइने ।
❖१ वर्षमा ३ सय भन्दा बढी सेक्यूरिटी गार्डमा पास गराउन सफल

सम्पर्क | **फेवा सेक्यूरिटी एण्ड वर्कर सर्भिसेज प्रा.लि.**
पृथ्वीचोकबाट १०० मिटर तल (एयरपोर्ट जाने बाटो)
मुक्तिनाथ विकास बैंकको अगाडि, पोखरा विजनेश कम्प्लेक्स सटर नं. ३०,
फोन:०६१-५५०२५२, मो. ९८४६०-४१४९२

अमेरिकन डेम्लोम्याटिक सेक्युरिटी तालिमको अवसर

१. State department **एवं अन्य देशहरुबाट सेक्युरिटी तालिम प्राप्त, धेरै देशहरुमा सेक्युरिटी सुपर भाइजरका साथै सेक्युरिटी कन्सल्टेन्टमा काम गरेर अनुभव बटुल्नुभएका दक्ष, अनुभवी प्रशिक्षकबाट प्रशिक्षण गराइने ।**
२. Dubai को DPS **आवुधावीको** PSBD **कतारको** Grup4 **मकाउ, बहराइन, मलेसिया एवं** Europe, America **का** deplometic Security **तालिम छुट्टा-छुट्टै दिइने ।**
३. **व्यवहारिक एवं सैद्धान्तिक ज्ञान पूर्णरुपमा हासिल गराउने ।**
४. **शान्त वातावरणमा फराकिलो** Classroom **मा** Securrity **गार्डको** Theory & Practical **गराइने ।**
५. **अंग्रेजी भाषा सिकाउनुका साथै अंग्रेजी बोल्न सक्ने बनाउने ।**
६. Interview **का लागि तयारी बनाउने ।**
७. **तालिम पश्चात विदेश जानका लागि सर्टिफिकेट उपलव्ध गराइने ।**
८. **विदेश जान ईच्छुक हुनुहुने दाजुभाई तथा दिदीबहिनीहरुलाई परामर्श तथा प्रशिक्षण दिइने ।**
९. **नेपालमै विभिन्न संघसंस्था वित्तीय क्षेत्र बैंक, कलकारखाना, उद्योग, कलेज, स्कूल, हस्पिटलहरु आदि इत्यादि ठाउँहरुमा सेक्युरिटी गार्ड उपलव्ध गराइने ।**

आर्मर ग्रुप सेक्युरिटी एण्ड सप्लायर प्रा.लि.
सम्पर्क : ९८४६३५५३४२ (डिसी अर्याल), ९८५६०२३८६२ (जितबहादुर)
९८०६७०८२४६, ९८०६७०८२४७, ०६१-५३०७२४ (अफिस)
(पृथ्वीचोकबाट १०० मिटर तल, एयरपोर्ट जाने बाटोमा, मुक्तिनाथ विकास बैंकको ठीक अगाडि, पोखरा विजनेश कम्प्लेक्सको दोस्रो तला)

प्रो. वद्री के.सी. : ९८५६०२९८४६
प्रो. गोपाल बहादुर कार्की : ९८५६०३१८७२
प्रो. राजेश के.सी. : ९८५६०३७३१७

ईन्द्रेणी क्याटरिङ एण्ड पार्टी प्यालेस

चापापानीमार्ग, पोखरा-१२, फोन : ०६१-५२५६४६, ५२७३०४
शुभ-विवाह, जन्मोत्सव, अन्नप्राशन, व्रतवन्ध, पिकानक, सेमिनार तथा अन्य कुनैपनि कार्यक्रमका लागि टेण्ट, लाइट, डेकोरेशन एवं फुल तथा हाफ क्याटरिङका साथै कुक चाहिएमा हामीलाई सम्झनुहोस् ।
(हामीकहाँ २०० गाडी अटाउने पार्किङ पनि छ ।)

Study in Japan

Intake for January & April-2016
City of your choice
Tokyo | Chiba | Nagoya | Fukuoka | Sendai | Osaka | Okinawa | Gunma ken & many more ...

& China
Dalian | Nantong

Free Processing for Master, Bachelor & +2 First Divison Students*

1. SLC मा उतिर्णले apply गर्न सकिने
2. Part Time Job ग्यारेन्टी
3. Work Visa मा Change गर्न मिल्ने
4. विश्वविद्यालय जान सकिने
5. NAT & JLPT Not required
6. IT Job-Guaranteed Course for IT bachelor Students

Contact: WE MAKE YOUR FUTURE BRIGHT
MIRAI INTERNATIONAL EDUCATIONAL CONSULTANCY
Mahendrapool, Bastholathar (Medicalline), Pokhara
061-520113, 9856046980, 9846646980
miraiinternational.edu.cons@gmail.com

होटल क्षेत्रको दक्षता अभिवृद्धि गर्न तालिम

गोल्डेन न्यूज संवाददाता
पोखरा २१ असोज ।

पर्यटकलाई गुणस्तरीय सेवा प्रदान गर्न होटल क्षेत्रको दक्षता अभिवृद्धि गर्ने उद्देश्यले विहीबारबाट पोखरामा पाँच दिने आधारभूत टुरिजम एण्ड हस्पिटालिटी म्यानेजमेण्ट तालिम सुरु भएको छ। पश्चिमाञ्चल होटल संघ पोखराको आयोजना तथा सीटीईभीटी अन्तर्गतको पोखरा स्कुल अफ टुरिजम एण्ड हस्पिटालिटी म्यानेजमेण्टको सहकार्यमा तालिम सुरु भएको हो। होटल प्रतिनिधि समाजले पनि तालिमलाई सघाएको छ। असोज २५ गतेसम्म लेकसाइडमा संचालन हुने तालिममा होटलका व्यवस्थापक, कर्मचारी र मजदूर गरी कूल ७५ जनाले सहभागिता जनाएको संघले जानकारी दिएको छ। होटलका प्रतिनिधिहरुलाई तालिम प्रदान गरी उनीहरुको दक्षता अभिवृद्धि गर्नु नै तालिमको मुख्य उद्देश्य रहेको संघका अध्यक्ष भरतराज पराजुलीले जानकारी दिए। भूकम्प र भारतीय नाकाबन्दीका कारण पर्यटन क्षेत्र मारमा परेको अहिलेको अवस्थामा समेत आफूहरुले होटल प्रतिनिधिहरुलाई तालिम प्रदान गरी पर्यटनलाई गुणस्तरीय बनाउने उद्देश्य लिएको उनले सुनाए। पोखरा स्कुल अफ टुरिजम एण्ड हस्पिटालिटी म्यानेजमेण्टका प्रमुख हर्कलाल श्रेष्ठले कार्यक्रमको उद्घाटन गर्दै

तालिमले होटल क्षेत्रबाट पर्यटकलाई गुणस्तरीय सेवा प्रदान गर्न सघाउ पुग्ने विश्वास व्यक्त गरे। उनले तालिम अवधिभर सहभागीले पर्यटन जागरण, पर्यटन उद्योग, संचार दक्षता, अतिथिको आसा, कामदारको सकारात्मक सोचाई, पर्यटकको महत्व र पर्यटकलाई कसरी सकारात्मक रुपमा प्रभावित पार्ने लगायतका विषयमा सिकाई प्रदान गरिने जानकारी दिए। कार्यक्रममा संघका निवर्तमान अध्यक्ष हरिप्रसाद शर्मा गैह्रे, संघका सल्लाहकार एवं पूर्व अध्यक्ष वच्चुराम तिवारी, संघका प्रथम उपाध्यक्ष विकल तुलाचन र होटल प्रतिनिधि समाजका प्रथम उपाध्यक्ष नगेन्द्रवहादुर थापाले आफ्ना भनाई राखेका थिए। कार्यक्रमको संचालन संघका महासचिव भेकेन्द्रकुमार श्रेष्ठले गरेका थिए।

सिटी रेवानको महोत्सव तयारी पूरा

गोल्डेन न्यूज संवाददाता
पोखरा २१ असोज ।

सिटी रेवानले पोखरामा आयोजना गर्न लागेको चौथो सिटी रेवान दशै महोत्सव तथा फुड फेष्टिबलको तयारी पूरा भएको छ। महोत्सव स्थलको व्यवस्थापन, स्ट्रल बुकिङ, प्रचार-प्रसार लगायतका सम्पूर्ण तयारी पूरा भएको महासचिव एवं प्रचार संयोजक दिपक तिमिल्सिनाले जानकारी दिए। पोखरा रङ्शालामा असोज २२ गते शुक्रबारदेखि शुरु हुने महोत्सव कात्तिक २ गतेसम्म चल्ने छ। महोत्सव उद्घाटन पूर्व बाजागाजा र झाँकी सहितको र्‍याली निकालिने छ।

पोखराको मानव अधिकार चोकबाट शुरु हुने र्‍याली नयाँबजार, पृथ्वीचोकहुदै रङ्गशालामा पुगेर उद्घाटन समारोहमा परिणत हुने छ। सिटी रेवानले महोत्सवमा सहभागि भएर सफल बनाउन सवैलाई आग्रह गरेको छ। पर्यटन प्रवर्द्धन, सामाजिक सेवा, उपभोक्ताको हित र लोक संस्कृतिको विकास गर्ने उदेश्यले महोत्सव आयोजना गर्न लागिएको हो। महोत्सवको आकर्षणमा लोक दोहोरी गीत प्रतियोगिता, ढिंडो खाने प्रतियोगिता, पप कन्सर्ट, चर्चित कलाकारको प्रस्तुती, एकल महिला नृत्य प्रतियोगिता, रत्यौली गित प्रतियोगिता, रेवान तारा बाल नृत्य प्रतियोगिता, बाल उद्यान र दशैं उपभोग्य बस्तुहरुको प्रदर्शनी रहने छ। महोत्सव झण्डै एक लाख दर्शकले अवलोकन गर्ने आयोजकको अपेक्षा छ। महोत्सव सम्पन्न गर्नका लागि ३७ लाख ८८ हजार खर्च लाग्ने र ४१ लाख ८० हजार आम्दानी हुने अनुमान गरिएको छ।

महोत्सवमा एक सय ८० स्टूल रहने छन्। व्यवसाय प्रयोजनका एक सय ५०, रेष्टुरेण्टका १०, सामाजिक सङ्घ/संस्था, सुरक्षा, स्वास्थ्यका २० स्टूल रहने छन्।

सहारालाई सहयोग गर्ने विष्टको प्रतिवद्धता

पोखरा २१ असोज ।(गोल्डेन)

राष्ट्रिय खेलकुद परिषदका सदस्य सचिव केशवकुमार विष्टले सहारा एकेडेमीको दिगो व्यबस्थापनका लागि सहयोग गर्ने प्रतिवद्धता जनाएका छन्। शनिबार पोखरा १७ दोविल्लामा रहेको सहारा एकेडेमीको अवलोकन गरी एकेडेमीमा रहेका वालहरुसंग भेटघाट समेत गरी निजि क्षेत्रबाट खेलकुदको लागि उक्त एकेडेमि स्थापना भएको प्रशंसा गर्दै दिगो रुपमा संचालनको लागि सहयोग गर्ने वचन दिएका हुन। क्लवका अध्यक्ष वीरभद्र आचार्यले क्लवको बारेमा जानकारी गराउदै दाताबाट संकलन भएको करीब दुई करोडको लागतमा उक्त एकेडेमी संचालन गरेको जानकारी गराए। उनले यसलाई दिगो रुपमा संचालन गर्न राखेपबाट सहयोगको अपेक्षा गरेको वताए। प्रतिउत्तरमा सदस्य सचिव विष्टले आफ्नो क्षेत्रबाट एकेडेमीको लागि ढिलो चाँडो सहयोग गर्ने बताएका हुन। उनले भने-"मैले सहारा क्लवले पोखरामा राम्रो गरेको छ भन्ने सुनेको थिए तर आज प्रत्यक्ष देखे साँच्चै मलाई धेरै खुसि लागेको छ, निजि क्षेत्रबाट भएको यो प्रयाय: जति प्रंससा गरे पनि पुग्दैन, यसको दिगो रुपमा संचालनका लागि मेरो तर्फबाट के कस्तो सहयोग जुटाउन सक्छु म त्यसमा सकारात्मक छु।"

पोखरा...

गरेको बारेमा जानकारी गराएका थियौं। प्रशासनले कालोबजारी रोक्न सकेन भन्ने हाम्रो गुनासो हो' उनले भने,-'यसमा स्थानीय प्रशासन बढि सचेत हुनुपर्छ भनेर सुझाएका छौं।' महंगो शुल्क तिरे ग्यास र इन्धन पाउने नत्र नपाउने अवस्था रहेको भन्दै आफूहरुले प्रशासन समक्ष कालोबजारी रोक्न अनुरोध गरेको भट्टराइले बताए। इन्धन र ग्यास अभावमा लेकसाइडमा रेस्टुरेन्ट बन्द हुने अवस्थामा पुगेको व्यवसायीले प्रशासन समक्ष गुनासो पोखेका थिए। 'अवस्था नाजुक भएको छ। पर्यटन क्षेत्र अस्तव्यस्त भएको बारे प्रशासनलाई जानकारी दियौं' उनले भने, 'प्रशासनले इन्धन आपूर्ति गर्न नसक्दा समस्या परेको जनाएको छ। राष्ट्रिय संकट परेको बेला कालोबजारी हुनु निकै दु:खद् हो।' कालोबजारी गर्नेलाइ कार्वाही गर्ने प्रशासनले आश्वासन दिएको संयोजक भट्टराइले बताए। इन्धन अभावमा पर्यटन क्षेत्र अस्तव्यस्त भएको व्यवसायीको भनाइ छ। पर्यटक सवार सवारीलाई इन्धन अभाव भएर मार परेको उनीहरुको भनाइ छ। नेपाल एशोसिएसन अफ टुर्स एण्ड ट्राभल एजेन्टस (नाट्टा) का निवर्तमान अक्ष्यक्ष केदार शर्माले इन्धन अभावमा पर्यटन सवारी चलाउन नसकेको बताए। पोखरा-काठमाडौं-पोखरा रुटमा चलाउने पर्यटक बस समेत ठप्प हुने अवस्थामा पुगेको उनले बताए। 'पर्यटन क्षेत्रमा नकारात्मक असर नपारोस भन्ने हाम्रो चाहना हो। पर्यटकको आउ-जाउ रोकियो भने त्यसले नराम्रो सन्देश फैलिन्छ' शर्माले भने,-'हामीले प्रशासनलाई जानकारि दिलाएका छौं। प्रशासनले केहि इन्धन दिएपनि त्यो पर्याप्त छैन।' पर्यटकलाइ एक ठाउँबाट अर्को ठाउँमा जान समेत समस्या परेको भन्दै व्यवसायीले प्रशासन समक्ष आपत्ति जनाएका थिए।

सुनौलो पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्यूज राष्ट्रिय दैनिकका लागि अध्यक्ष/प्रधान सम्पादक गंगाधर पराजुली, निर्देशक हरिमणि बराल, संस्थापक सम्पादक रीता गुरुङ
कार्यालय : चिप्लेढुंगा (सुनौलो भवन), पोखरा, फोन:०६१-५३९४५५, फ्याक्स : ५२२२२२, Email : goldennewspkr@gmail.com, Website: www.goldennews.com.np, मुद्रण गोल्डेन अफसेट प्रेस, चिप्लेढुंगा, पोखरा